# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, नेपाल

छहरा, पाल्पा

☎ ०७५- ६९१०२५
०७५- ६९२३४३


च.नं. ५८
प.स. २०७७/२०७८

मितिः २०७७/०४/१८

श्री वडा कार्यालय सबै,
रैनादेवी छहरा गाउँपालिका।

बिषयः <u>प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना पठाउने सम्बन्धमा।</u>

प्रस्तुत विषयमा यस रैनादेवी छहरा गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि तहाँ वडा बाट *पारिश्रमिकमा आधारित सामुदायिक योजना* र *युवा रोजगारीका लागि रुपान्तरण पहल* शिर्षकमा बढीमा पाँच (५) वटा योजनाहरु छनोट गरि आजको मितिले सात (७) दिन भित्र तपसिल बमोजिमको ढाँचामा यस कार्यालयमा पठाउनुहुन आदेशानुसार अनुरोध छ।

तपसिलः

विवरण पठाउने ढाँचाः

| क्र.सं. | योजनाको नाम | शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| | | | | |

विवरण पठाउने विद्युतीय पत्राचार ठेगानाः

info@rainadevichhaharamun.gov.np
rainadevichhaharamun@gmail.com

*नोटः आयोजना संचालनका क्षेत्रहरुको विवरण यसै पत्रसाथ संलग्न गरिएको छ।*

राम बहादुर कार्की
राम बहादुर कार्की
[redacted]

५. **आयोजना सञ्चालनका क्षेत्रः** यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछः

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण